# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) विराटनगर, नेपाल, बैशाख ११ गते, २०७७ साल (अतिरिक्ताङ्क ४(ख)

## भाग २

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

**मुख्यमन्त्री युवा उद्यमशीलता विकास कोष (सञ्चालन) नियमावली, २०७६**

प्रदेश सरकार प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नम्बर १ सरकारले देहायका नियमहरु बनाएको छ।

आन्तरिक मामिला तथा ... लय, प्रदेश नं. १

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम **"मुख्यमन्त्री युवा उद्यमशीलता विकास कोष (सञ्चालन) नियमावली**, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "कार्यकारी निर्देशक" भन्नाले नियम २३ बमोजिम कोषको सञ्चालक समितिले नियुक्ति गरेको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिम गठन भएको मुख्यमन्त्री युवा उद्यमशीलता विकास कोष सम्झनु पर्छ।

(ग) "लक्षित वर्ग" भन्नाले नियम ११ बमोजिम लक्षित समूहलाई सम्झनु पर्छ ।

(घ) "वित्तीय संस्था" भन्नाले नेपाल सरकारको प्रचलित कानून बमोजिम दर्ता भई प्रदेशमा केन्द्रीय कार्यालय रहेको वा प्रदेशका प्रत्येक जिल्लामा कम्तीमा एकवटा शाखा स्थापना गरेको बैंक वा वित्तीय संस्था सम्झनु पर्छ ।

(ङ) "सचिवालय" भन्नाले प्रदेश सरकारले स्थापना गरेको मुख्यमन्त्री युवा उद्यमशीलता विकास कोषको सचिवालय सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले नियम ६ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

(छ) "सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको सहकारी संस्था वा संघ सम्झनु पर्छ र सो शब्दले राष्ट्रिय सहकारी बैङ्कलाई समेत जनाउँछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## परिच्छेद - २
## <u>कोषको स्थापना, उद्देश्य तथा प्रयोग</u>

३. <u>कोषको स्थापना</u> : (१) मुख्यमन्त्री युवा उद्यमशीलता विकास कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिम प्राप्त रकम तथा वस्तुगत सहायता रहने छन् :-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकारबाट प्राप्त रकम,

(ग) अन्तर्राष्ट्रिय संघ संस्था तथा ब्यक्तिबाट नियमानुसार प्राप्त रकम,

(घ) नेपाली संघ, संस्था र व्यक्तिबाट प्राप्त रकम,

(ङ) बैङ्क, वित्तीय संस्था तथा सहकारी संस्थाबाट विपन्न वर्गमा लगानी गर्न निर्धारित रकम मध्ये कोषमा उपलब्ध गराएको रकम,

(च) लगानीबाट असुली रकम,

(छ) कोषले श्रृजना गरेको व्यवसायको अवधारणा बिक्रि गरी प्राप्त रकम,

(ज) कोषले सेवा प्रदान गरे वापत लिएको सेवा शुल्क,

(झ) अन्य श्रोतबाट प्राप्त रकम ।

(३) अन्तर्राष्ट्रिय संघ संस्था र कुनै पनि ब्यक्तिबाट रकम प्राप्त गर्नुपूर्व प्रदेश सरकारको सहमति लिनुपर्नेछ ।

(४) उपनियम (२) बमोजिमको कोषमा जम्मा हुने रकम समितिले बैंकमा एक खाता खोली जम्मा गर्नेछ ।

(५) उपनियम (४) बमोजिमको खाताको सञ्चालन समितिले तोके बमोजिम हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

४. <u>कोषको उद्देश्यः</u> प्रदेशमा रोजगारी श्रृजना गर्न लक्षित वर्गमा उद्यमशिलताको विकास गर्नु कोषको प्रमूख उद्देश्य हुनेछ सो उद्देश्य प्राप्त गर्न कोषले देहाय बमोजिमका कार्यहरु गर्नेछः-

(क) प्रदेशका युवाहरुमा उद्यमशिलता विकास गर्ने, रोजगारी सिर्जना गर्ने, लक्षित वर्गलाई नेपालमा उत्पादित कच्चा पदार्थमा आधारित उद्योग स्थापना, त्यस्ता उद्योगको उत्पादनको राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा बिक्रि, वितरण र बजार प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने तथा स्थापित उद्योग एवं व्यवसायलाई परियोजना धितो राखि बैंक, वित्तीय संस्था, वा सहकारी बैंक मार्फत ऋण उपलब्ध गराउने,

(ख) लक्षित वर्गलाई आयात प्रतिस्थापन एव निर्यात प्रवर्द्धन गर्न सक्ने उद्योग व्यवसाय सञ्चालन गर्न धितो लिई, परियोजना धितो राखी, वा नागरिकता तथा शैक्षिक प्रमाणपत्र धितो राखि बैंक, वित्तीय संस्था, वा सहकारी बैंक मार्फत ऋण उपलब्ध गराउने,

(ग) लक्षित वर्गको पहिचान गरी तिनिहरुलाई उद्यमशिलता विकास, ब्यवसाय को पहिचान तथा स्थापना, बजार प्रवर्द्धन तथा ब्यवस्थापन सम्बन्धी र बजारको मागलाई बिचार गरी आवश्यक बिभिन्न सीपमूलक तालिम प्रदान गर्ने,

(घ) द्वन्द्वपीडित, अपाङ्ग वा घाइते व्यक्ति, वेपत्ता तथा शहिद परिवार, उत्पीडित जाति, जनजाति, महिला, गरिव तथा बिपन्न वर्गका युवाहरुलाई प्राथमिकतामा राखि अन्य युवा समेत लक्षित कार्यक्रमका लागि बैंक, वित्तीय संस्था, वा सहकारी बैंक मार्फत न्यून ब्याजदरमा ऋण लगानी गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ङ) उद्यम गर्न चाहने बेरोजगारलाई आवश्यक उद्यमशीलता सम्बन्धी तथा अन्य सीपमूलक तालिम प्रदान गर्ने,

(च) प्रदेशमा सम्भावित उद्यमशीलता विकास गर्न आवश्यक अध्ययन र अनुसन्धान गर्ने,

(छ) एक गाउँ एक उत्पादन सम्बन्धी परियोजनामा लगानी गर्ने कार्य गर्ने,

(ज) कोषको काम कारवाहीका सम्बन्धमा सरकारी तथा गैरसरकारी संस्थाहरुसँग सहकार्य गर्ने,

(झ) प्रशोधन गरी निर्यात गर्न सके अधिक मुल्य अभिवृद्धि हुन सक्ने प्रदेशमा उत्पादन भई विदेशमा निर्यात हुने कृषि उपजको सम्भाव्यताको आधारमा प्रशोधन उद्योग खोल्न सार्वजनिक, निजी र सहकारी सहकार्यमा लगानी गर्ने,

(ञ) प्रदेशका युवाहरुको ब्यापक सहभागिता हुन सक्ने कृषिमा आधारित उद्योग, पर्यटन तथा अन्य उद्योग तथा ब्यवसायको सार्वजनिक, निजी र सहकारीको सहभागितामा स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने र आवश्यक देखेमा त्यस्ता व्यवसायमा लगानी गर्ने,

(ट) नेपाल सरकारको वित्तीय एवं मौद्रिक नीति र प्रदेश सरकारको नीतिगत ब्यवस्था अनुसार बिभिन्न बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरी उद्यमशीलताको विकास र युवाहरुलाई रोजगारी श्रृजना गर्ने क्षेत्रमा श्रोत परिचालन गर्ने,

(ठ) चक्रीय कोष मार्फत युवाहरुलाई व्यवसाय वा रोजगार प्रवर्द्धन गर्न फिर्ता गर्ने गरी सरल प्रक्रियाद्वारा ऋण उपलब्ध गराउने ।

(ड) प्रदेश सरकारको युवा उद्यमशीलता सम्बन्धी वार्षिक नीति तथा कार्यक्रम अनुसारका कार्यहरु गर्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(ढ) प्रदेश सरकारले तोकेको अन्य कार्यहरु गर्ने ।

५. <u>कोषको प्रयोग</u> : (१) कोषको प्रयोग देहाय बमोजिमका कार्यमा हुनेछ :-

(क) कोषको उद्देश्य अनुसार काम गर्ने निर्धारित उत्पादन–उपभोक्ता चक्रमा ब्यवसाय गर्ने उद्देश्यले युवाहरुले सञ्चालन गरेको ब्यवसायलाई बैंक, वित्तीय संस्था वा सहकारी बैंक मार्फत सहुलियत व्याज दरमा परियोजना धितो लिई आवधिक ऋण उपलब्ध गराउन,

(ख) कोषको उद्देश्य अनुसार काम गर्न युवाहरु द्वारा सञ्चालित आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न सक्ने उद्योग एवं व्यवसायलाई बैङ्क, वित्तीय संस्था तथा सहकारी बैंक मार्फत सहुलियत ब्याज दरमा परियोजना धितो लिई आवधिक ऋण उपलब्ध गराउन,

(ग) ऋणको बीमाको प्रिमियम उपलब्ध गराउन,

(घ) आवश्यक तालिम उपलब्ध गराउन,

(ङ) कार्यक्रमको प्रवर्द्धनकोलागि आवश्यक अध्ययन, अनुसन्धान, ब्यवसाय विकास, अभिमुखीकरण कार्यक्रमहरुको सञ्चालन गर्न तथा स्वयंसेवकहरुको नियुक्ति र परिचालन गर्न,

(च) प्रदेशमा सम्भावित उद्यमशिलता विकास गर्न आवश्यक अध्ययन र अनुसन्धान गर्न,

(छ) कोषको समिति सदस्यहरु, पदाधिकारी र कर्मचारीहरुको पारिश्रमिक तथा बैठक लगायत अन्य भत्ता भुक्तानी, कोषको कार्यालय भाडा भुक्तानी, कार्यालय सञ्चालन र प्रशासनिक खर्च भुक्तानी गर्न।

(ज) कोषको उद्देश्य प्राप्त गर्न आवश्यक अन्य कार्यहरु गर्न।

## परिच्छेद - ३
## <u>समितिको गठन र काम, कर्तव्य तथा अधिकार</u>

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

६. <u>समितिको गठन</u> : (१) कोषको सञ्चालन र रेखदेख गर्नको लागि कोषमा एक सञ्चालक समिति रहनेछ ।

(२) मुख्यमन्त्रीको संरक्षकत्वमा रहने यस समितिमा देहायका पदाधिकारी एवं सदस्यहरु रहने छन् :-

(क) मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय - अध्यक्ष

(ख) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) सचिव, उद्योग,पर्यटन वन तथा बातावरण मन्त्रालय - सदस्य

(ङ) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(च) प्रदेश योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्य - सदस्य

(छ) क्षेत्रीय प्रमुख, नेपाल राष्ट्र बैंक - सदस्य

(ज) प्रतिनिधि, राष्ट्रिय सहकारी महासंघ, प्रदेश नं.१ - सदस्य

(झ) संयोजक, नेपाल बैङ्कर्स एशोसियसन १ नं. प्रदेश - सदस्य

(ञ) संयोजक, नेपाल बीमक संघ १ नं. प्रदेश - सदस्य

(ट) कार्यकारी निर्देशक - सदस्य-सचिव

प्रदेश सरकारले यस क्षेत्रमा विशेष दखल हासिल गरेका बढीमा दुईजना व्यक्तिलाई मनोनयन गर्न सक्नेछ ।

७. <u>समितिको बैठक</u> : (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठकमा छलफल हुने विषय तथा कार्यक्रम सहितको सूचना सदस्य- सचिवले लिखित वा मौखिक रुपमा सवै सदस्यलाई दिनु पर्नेछ।

(४) समितिको बैठकमा समितिका बहुमत सदस्य उपस्थित भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र अध्यक्षको अनुपस्थितिमा निजले तोकेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकको निर्णय बैठकमा उपस्थित सदस्यको बहुमत द्वारा गरिनेछ ।

(७) समितिको बैठकको निर्णय निर्णय पुस्तिकामा उतारी सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिले आवश्यकता अनुसारका विज्ञहरुलाई बैठकमा आमन्त्रित गर्नसक्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

८. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट नगद वा वस्तुगत सहायता स्वीकार गर्ने, तर अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहायता स्वीकार गर्नुपूर्व प्रदेश सरकारको सहमतिको लागि सिफरिस गर्ने । संघको सहमति आवश्यक पर्ने विषयमा सहमतिको लागि सिफरिस गर्ने,

(ख) प्रदेशमा उद्यमशिलता विकास गरी युवाहरुलाई देशको आर्थिक विकासमा सहभागी गराउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने गराउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

(ग) कोषको कार्यक्रमले परिकल्पना गरेका उद्यमशिलता विकासको सम्भावनाहरुको पहिचान, अध्ययन एवं अनुसन्धान गर्न विज्ञहरुको परामर्श सेवा लिने,

(घ) कोषको उद्देश्य प्राप्त गर्न लगानी गर्न सहयोग गर्ने निकाय तथा संस्थाको छनोट गर्ने,

(ङ) कार्यक्रम प्रवर्द्धनको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने एवं समितिले तोकेबमोजिम स्वयंसेवकहरुको नियुक्ति र परिचालन गर्ने,

(च) सम्बन्धित बैङ्क, वित्तीय संस्था तथा सहकारी बैंकले युवा उद्यमशिलता कार्यक्रमको उद्देश्य पुरा गर्न स्थापित परियोजना सञ्चालन गर्न नियमानुसार स्वीकृत गरेको ऋण रकम त्यस्तो बैङ्क, वित्तीय संस्था तथा सहकारी बैंकलाई उपलब्ध गराउने,

(छ) ऋणको बीमा गरिएकोमा सो को प्रिमियम सम्बन्धित बीमा कम्पनीलाई भुक्तानी दिने र क्षति भएकोमा क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गर्ने,

(ज) कोषको उद्देश्य अनुसारको तालिम कार्यक्रम सञ्चालन गर्ने निकाय तोक्ने र सोको लागि आवश्यक व्यवस्थापन गर्ने,

(झ) कोषको उद्देश्य हासिल गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट उपलब्ध हुने बिभिन्न प्रकारका श्रोतहरुको पहिचान गर्ने र नेपाल सरकार र प्रदेश सरकारको स्वीकृति लिई प्राप्त गर्ने,

(ञ) कोषको रकमबाट ऋण लिई सञ्चालित युवा उद्यमशीलता कार्यक्रमहरु र लगानी गर्ने संस्थाले गरेका कार्यहरुको निरीक्षण, अनुगमन र मूल्यांकन गर्ने गराउने,

(ट) बैङ्क, वित्तीय संस्था तथा सहकारी बैंकले युवा उद्यमशिलता कार्यक्रममा लगानी गर्ने वातावरण बनाउन



आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

स्थानीय स्तरमा सहयोगी संस्थाहरुका संयन्त्र निर्माण गर्ने,

(ठ) कोषको काम कारवाहीका सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहमा रहेका यस्तै प्रकृतिका संस्थाहरु संग समन्वय र सहकार्य गर्ने,

(ड) कोषको काम कारवाहीका सम्बन्धमा सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गर्ने,

(ढ) कोषको संगठन संरचना स्वीकृत गर्न प्रदेश सरकार समक्ष पेश गर्ने र समितिले निर्धारण गरेको प्रक्रिया बमोजिम कर्मचारी नियुक्ति गर्ने,

(ण) कोषको उद्देश्य प्राप्तिको लागि अन्य आवश्यक काम गर्ने गराउने ।

(त) समितिले आवश्यक ठानेमा कोषको सञ्चालन र ब्यवस्थापनमा सहजता ल्याउन आफ्नो केही अधिकार कोषको कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(थ) यस नियमावली कार्यन्वयनको सन्दर्भमा प्रदेश सरकारबाट गर्नु पर्ने निर्णय सम्बन्धी विषयमा सिफरिश गर्ने ।

(द) समितिका अध्यक्षले समितिका काम कारवाही वारे संरक्षकलाई नियमित रुपमा जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद - ४
## कोषले सञ्चालन गर्ने कार्यक्रम

९. कोषले सञ्चालन गर्ने कार्यक्रम : युवाहरुलाई स्वदेशमै उद्यमशीलतामा संलग्न हुने अवसर जुटाइ देश भित्रै युवाहरुको श्रम, सीप र योग्यताको उपयोग गर्ने वातावरण निर्माण गर्न कोषले देहाय बमोजिम कार्यक्रम सञ्चालन गर्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(क) लक्षित समूहलाई परियोजना पहिचान तथा बिश्लेषणमा सहयोग गर्ने ।

(ख) रोजगारीको सिलसिलामा विदेश जाने युवाहरुको रोजाई सर्वेक्षण गरी र सोको आधारमा परियोजना विकास गर्ने।

(ग) नेपालमा उत्पादन हुन सक्ने बस्तुको अन्तर्राष्ट्रिय बजारमा रहेको माग पहिचान गरी त्यस्ता बस्तु उत्पादन र बजारीकरण गर्ने परियोजनामा ऋण लगानि गर्न छनोट भएको बित्तिय संस्था तथा सहकारी बैंकलाई रकम उपलब्ध गराउने ।

(घ) कुनै पनि बस्तुको "उत्पादन–उपभोग" चक्रलाई पूर्ण बनाउने कडिको लागि आवश्यक परियोजनालाई प्राथमिकता दिने ।

(ङ) प्रदेश भित्रका जिल्ला र स्थानीय तहको बसाई सराई र जनसांख्यिक संरचनामा आईरहेको परीवर्तन र देशको आन्तरिक तथा बाह्य ब्यापारको अवस्थाको अध्ययन र बिश्लेषण गरी सोको आधारमा लगानीका परियोजनाहरुको विकास गर्ने ।

(च) बिभिन्न संस्थाहरु सँग सहकार्य गरी लक्षित वर्गलाई उद्यमी बनाउन उद्यमशिलता विकासको तालिम उपलब्ध गराउने ।

(छ) प्रदेश भित्र विश्वविद्यालयमा अध्ययनरत तथा ग्रामीण क्षेत्रका युवाहरुलाई उद्यमशीलता विकासको तालिम उपलब्ध गराउने ।

(ज) बजार अध्ययन र बिश्लेषण गरी ब्यवसायिक परियोजनाहरुको पहिचान र विकास गरी लक्षित वर्गलाई त्यस्ता व्यवसाय गर्न अभिप्रेरित गर्ने र लक्षित वर्ग बाहेकका निजी क्षेत्रलाई त्यस्ता परियोजनाको अवधारणा बिक्रि गर्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं.

(झ) लक्षित वर्गका ईच्छुक ब्यक्तिहरुले कोष समक्ष निवेदन दिएपछि समितले तोकेको प्रक्रिया बमोजिम योग्यता, क्षमता र उद्यमशील गुण परीक्षण (Aptitude Test) गरी सोको आधारमा उद्यमीको रुपमा विकास गर्ने ।

(ञ) लक्षित वर्गको सीप विकास मार्फत रोजगारीको श्रृजनाको सम्भावना भएका सीप विकास तालिमहरु सञ्चालन गर्ने ब्यवस्था मिलाउने ।

(ट) आफ्नो सहयोगमा स्थापना भएका ब्यवसायहरुकोलागि आवश्यक जनशक्ति विकास गर्न क्रमै सँग सीप तथा क्षमता विकासका आवश्यक कार्यक्रमहरु बिस्तार गर्ने।

(ठ) प्रस्तावित उद्यम वा परियोजनाको सम्भावब्यताको बिश्लेषण गर्ने व्यवस्था गर्ने ।

(ड) संघीय सरकारका रोजगारी सम्बन्धी कार्यक्रमहरुसँग समन्वय गरी प्रदेशमा ती कार्यक्रमहरु प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने।

(ढ) कोषको लगानीमा सञ्चालित उद्यमबाट उत्पादित बस्तुको बजारीकरणका लागि र उद्यमलाई आवश्यक कच्चा पदार्थ आपूर्तिकालागि अन्य प्रदेशका निकायहरुसँग सम्पर्क र समन्वय गर्ने।

१०. <u>कोषको कार्यक्रम सञ्चालन विधि</u> : (१) कोषको उद्देश्य हासिल गर्न समितिले लगानी गर्ने निकाय वा संस्थाको छनोट गर्नेछ र सो निकाय मार्फत उद्यमशीलता विकास गर्न ऋण प्रवाह गर्नेछ ।

(२) नियम (९) मा उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्ने अन्य आवश्यक कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

११. <u>लक्षित समूह</u> : कोषको उद्देश्य बमोजिम कोषको कार्यक्रममा सहभागी हुन ईच्छुक १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको प्रदेशका नागरिकहरु र त्यस्ता

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं.

नागरिकहरुले स्थापना र प्रवर्द्धन गरेका ब्यवसायिक संस्थाहरु कोषको लक्षित समूहमा पर्नेछन । यो उमेर समूह परिमार्जन गर्ने अधिकार समितिलाई हुनेछ।

१२. <u>ऋणको बीमा</u> : (१) युवा उद्यमशीलता कार्यक्रम अन्तर्गत लगानी हुने ऋणको एकमुष्ट बीमा गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बीमा गराउँदा न्यूनतम प्रिमियम लिने कुनै एक वा सो भन्दा बढी बीमा कम्पनीको छनौट कोषले गर्नेछ।

(३) उपनियम (१) बमोजिम ऋण बीमा सम्बन्धी कार्यबिधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. <u>ब्याजको दर र अनुदान</u> : (१) स्वरोजगार कार्यक्रम अन्तर्गतको ऋण लगानीको ब्याजदर कोष र लगानी गर्ने संस्थाको सहमति बमोजिम हुनेछ।

(२) ऋणीले ऋणको किस्ता चुक्ता गरेपछि सो किस्तामा लाग्ने ब्याजको समितिले तोके बमोजिम प्रतिशत रकम सम्बन्धित ऋणीलाई नै अनुदानको रुपमा फिर्ता हुनेछ ।

१४. <u>ऋण फिर्ता र कारबाही</u> : (१) ऋणको साँवा व्याजको भुक्तानीको किस्तावन्दी ऋणको प्रकृति हेरि लगानी गर्ने संस्थाले तय गरे बमोजिम हुनेछ ।

(२) जुन उद्देश्य र प्रयोजनको लागि ऋण लिइएको हो सो बमोजिम कार्य नगरी ऋण दुरुपयोग गरी साँवा, व्याज भुक्तानी नगरेमा प्रचलित कानून बमोजिम ऋणीबाट साँवा, व्याज असूल गरिनेछ ।

(३) उपनियम (२) बमोजिम ऋण दुरुपयोग गर्ने ऋणीलाई प्रदेश कानून भए सोही बमोजिम नभए संघीय कानून बमोजिम कारवाहिको अतिरिक्त निजको नाम कर्जा सूचना केन्द्रमा कालो सूचीमा राखी खराव ऋणीलाई हुने कारबाहीहरुको लागि सिफारिस गरिनेछ ।

१५. <u>बजार व्यवस्था</u> : कोषले लगानि गरी सञ्चालित परियोजना बाट उत्पादित वस्तुको बजारीकरण गर्न निजी तथा सहकारी क्षेत्र सँग सहकार्य गरिनेछ।

## परिच्छेद - ५

## <u>खर्चको निकासा, लेखाङ्कन र प्रतिवेदन</u>

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

१६. प्रस्ताव पेश गर्नु पर्ने : (१) कोषको उद्देश्य हासिल हुने प्रकृतिका परियोजना सञ्चालन गर्नका लागि कोषले लक्षित वर्ग सँग प्रस्ताव माग गर्नेछ ।

(२) लक्षित समूहले कोषले निर्धारण गरेको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको प्राप्त प्रस्ताव जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त देखिए कोषले त्यस्तो प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको प्रस्ताव स्वीकृत भएपछि कोषले लगानि गर्ने संस्थालाई ऋण उपलब्ध गराउन सिफारिस गर्नेछ ।

१७. कोषको रकम खर्च गर्ने कार्यविधि : कोषको रकम खर्च गर्ने कार्यविधि समितिले स्वीकृत गरे बमोजिम हुनेछ र लेखा प्रणाली समितिले तोके बमोजिम हुनेछ ।

१८. आयोजना सञ्चालन सम्बन्धी ब्यवस्था : कोषको उद्देश्य प्राप्तिकालागि समितिले आवश्यक ठानेमा आयोजना बनाई कार्यान्वयन गर्न सक्नेछ ।

१९. खर्चको लेखाङ्कन : (१) यस नियमावली बमोजिम भएको खर्चको लेखा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम राखु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लेखा सम्बन्धी कागजात आयोजना सम्पन्न भएपछि सम्बन्धित निकायले कोषमा बुझाउनु पर्नेछ ।

(३) कुनै दातृ पक्षले उपलव्ध गराएको रकम वा सामग्रीको श्रेस्ता सो उद्देश्य र प्रयोजन खुल्ने गरी राखु पर्नेछ ।

२०. प्रतिवेदन पेश गर्नु पर्ने : कार्यक्रम कार्यान्वयन गर्ने निकायले त्रैमासिक तथा वार्षिक रुपमा आफ्नो प्रगती विवरण प्रतिवेदन कोषमा बुझाउनु पर्नेछ। कोषले आफु समक्ष जम्मा भएको नगद र वस्तुगत सहायता र त्यस्तो नगद तथा वस्तुगत सहायताको खर्चको हिसाब प्रत्येक चार/चार महिनामा सार्वजनिक गर्नुपर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं १

२१. <u>लेखा परीक्षण</u> : (१) कोषबाट अनुदान प्राप्त गरी सञ्चालन भएका परियोजनाहरुको लेखापरीक्षण नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थामा आवद्ध लेखापरीक्षकबाट गर्नुपर्नेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट वा सो कार्यालयको सहमतिमा समितिले तोकेको लेखापरिक्षकबाट गर्नुपर्नेछ ।

## परिच्छेद - ६
## <u>विविध</u>

२२. <u>कोषको सचिवालय</u> : (१) कोषको उदेश्य प्राप्त गर्न आवश्यक सम्पुर्ण कार्यहरु सञ्चालन गर्न कार्यकारी निर्देशकको नेतृत्वमा प्रदेश सरकारले तोकेको स्थानमा एक सचिवालय रहनेछ ।

(२) समितिले आवश्यक ठानेमा प्रदेश भित्रका कम्तीमा सवै जिल्ला र आवश्यकता अनुसार स्थानीय तहहरुमा कोषका कार्यालय वा इकाईहरु स्थापना गर्न सक्नेछ ।

२३. <u>कार्यकारी निर्देशक</u> : (१) कोषमा एक जना कार्यकारी निर्देशक रहनेछ।

(२) समितिले उपनियम (६) बमोजिमको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट उपनियम (३) बमोजिम गठित सिफारिस समितिले कोषले तोकेको खुल्ला प्रतियोगितात्मक प्रकृयाद्वारा छनोट गरी सिफारिस गरेको ब्यक्तिलाई कार्यकारी निर्देशकको रुपमा नियुक्त गर्नेछ ।

(३) कार्यकारी निर्देशकको नियुक्तिको लागि समिति समक्ष सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ :-

(क) कोषको अध्यक्ष वा निजले तोकेको समितिको सदस्य - संयोजक

(ख) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ग) प्रदेश योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्य - सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(४) उपनियम (३) बमोजिमको सिफारिस समितिले उपनियम (६) बमोजिमको योग्यता पुगेका व्यक्तिहरुमध्येबाट कार्यकारी निर्देशकको लागि तीन जनाको नाम योग्यताक्रम खुलाई समिति समक्ष सिफारिस गर्नेछ ।

(५) कार्यकारी निर्देशकले अध्यक्षको निर्देशनमा रही कोषको प्रशासकीय कामहरु गर्नेछ । निजले कोषको सचिवालयको प्रमुखको भुमिका निर्वाह गर्नेछ ।

(६) कार्यकारी निर्देशकको योग्यता देहाय बमोजिम हुनेछ -

(क) नेपाली नागरिक भएको,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको ।

(ग) मान्यताप्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र वा व्यवस्थापन वा वाणिज्य शास्त्र विषयमा कम्तीमा द्वित्तीय श्रेणीमा स्नातकोत्तर उपाधि प्राप्त गरी कम्तिमा सात बर्षको प्राध्यापन वा विकास वा प्रशासनिक क्षेत्रमा अनुभव हासिल गरेको र

(घ) पैतीस वर्ष उमेर पूरा भई ५५ वर्ष ननाघेको ।

(७) कार्यकारी निर्देशकको कार्यावधि चार वर्षको हुनेछ र निजको पुनःनियुक्ति हुन सक्नेछ ।

(८) कार्यकारी निर्देशकको पद रिक्त हुने अवस्थाः- (१) देहायको कुनै अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछः-

(क) निजको उपनियम (७) बमोजिम पुनः नियुक्ति हुन नसकेमा ।

(ख) निजले समिति समक्ष लिखित राजिनामा दिएमा।

(ग) निजको मृत्यु भएमा ।

(२) उपनियम (१)मा जुनसुकै कुरा लेखिएको भएता पनि निजको कार्यसम्पादन सन्तोषजनक नभएमा समितिले निजसंग लिखित स्पष्टिकरण माँग गर्न सक्नेछ र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

निजको स्पष्टीकरण चित्त बुझ्दो नभएमा समितिको सिफारिशमा प्रदेश सरकारले पदमुक्त गर्न सक्नेछ ।

(९) कार्यकारी निर्देशकको पारिश्रमिक, भत्ता तथा अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(१०) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ख) समितिको बैठकमा पेश गर्नु पर्ने विषयसूची स्वीकृत गर्ने,

(ग) कोषको उद्देश्य प्राप्त गर्न आवश्यक कार्य गर्ने, सरोकारवाला निकायहरु सँग सम्पर्क, समन्वय गर्ने, कोषमा श्रोत जुटाउन सम्भावित क्षेत्रहरुको पहिचान गरी समिति समक्ष पेश गर्ने,

(घ) कोषको वार्षिक, अल्पकालीन तथा दीर्घकालीन योजना, वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी समितिको बैठकमा पेश गर्ने ,

(ङ) कोषमा जम्मा भएको रकमको उच्चतम उपयोग गर्ने,

(च) बैंक, वित्तीय संस्था तथा सहकारी संस्था र अन्य सरोकारवालासँग समन्वय गर्ने ।

(छ) कोषको दैनिक प्रशासन तथा कर्मचारी प्रशासन गर्ने र कर्मचारीको सुपरीवेक्षण तथा नियन्त्रण गर्ने,

(ज) कोषको हिसाबको लेखा राख्न लगाउने, लेखापरीक्षण गराउने, बेरुजु फछ्यौंट गराउने,

(झ) आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र कोषको वित्तीय विवरण सार्वजनिक गर्ने,

(ञ) समितिले तोकेका अन्य काम गर्ने ।

(११) कार्यकारी निर्देशकको नियुक्ति नभए सम्मका लागि प्रदेश सरकारले प्रदेशमा कार्यरत सचिवहरु मध्येवाट कुनै सचिवलाई कार्यकारी निर्देशकको जिम्मेवारी तोक्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं.

२४. <u>सचिवालयमा रहने कर्मचारी</u> : (१) कोषको सचिवालयको संगठन संरचना कर्मचारीको दरबन्दी प्रदेश सरकारले तथा छनोट प्रक्रिया र नियुक्ति, सेवाका शर्त र सुविधा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिमको सुविधा तोक्दा समितिले आर्थिक मामिला तथा योजना मन्त्रालयको परामर्श लिनु पर्नेछ ।

२५. <u>अभिलेख राख्नु पर्ने</u> : (१) कोषले आफूले गरेको काम कारबाहीको अभिलेख राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राखिएको अभिलेख कोषको प्रयोजन समाप्त भएपछि कोषले आर्थिक मामिला तथा योजना मन्त्रालयलाई बुझाउनु पर्नेछ ।

२६. <u>कोषको प्रशासकीय खर्च</u> : कोषको प्रशासकीय खर्चको बजेट कोषको कार्यकारी निर्देशकले कोष सञ्चालक समिति समक्ष पेश गर्नुपर्नेछ र समितिले स्वीकृत गरेको अधिनमा रहेर प्रशासनिक खर्च गर्नेछ ।

२७. <u>सम्पर्क मन्त्रालय</u> : कोषले प्रदेश सरकारसँग सम्पर्क राख्दा आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२९. <u>सञ्चित कोषमा दाखिला गर्नु पर्ने</u> : कोष विघटन हुँदा कोषमा कुनै रकम बाँकी भएमा त्यस्तो रकम प्रदेश सञ्चित कोषमा दाखिला गरिनेछ ।

३०. <u>संशोधन सम्बन्धी व्यवस्था</u> : समितिको सिफारिशमा प्रदेश सरकारले यस नियमावलीमा आवश्यक संशोधन गर्न सक्नेछ ।

३१. <u>बाधा अड्काउ फुकाउने अधिकार</u> : यस नियमावलीको कार्यान्वयन गर्दा देखा परेका बाधा अड्काउहरु फुकाउने अधिकार प्रदेश सरकारको हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

३२. निर्देशिका जारी गर्न सक्ने : यस नियमावलीको कार्यान्वयनको लागि आवश्यक पर्ने निर्देशिका तथा कार्यविधि प्रदेश सरकारबाट स्विकृत गराई लागु गर्न सक्नेछ।

स्वीकृत मितिः- २०७७/०१/११

आज्ञाले,
दामोदर रेग्मी
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**